सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २३० ♦ २०८३ साल वैशाख १३ आइतवार ♦ 26 April 2026♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# सरकारमाथि व्यापारीको आरोप-'बिना आधार धरपकड, कर नीतिले बजार संकटमा

खबर दर्पण समाचारदाता

**वैशाख १२ गते, बर्दिवास**



मधेस प्रदेशका व्यापारीहरूले बालेन्द्र साह नेतृत्वको सरकार माथि कडा असन्तुष्टि जनाएका छन्। उनीहरूले बिना आधार व्यापारीमाथि धरपकड, अव्यवहारिक कर नीति र निजी क्षेत्रलाई निरुत्साहित गर्ने काम भइरहेको आरोप लगाएका हुन्। नेपाल होटल तथा पर्यटन व्यवसायी महासंघ, मधेस प्रदेशद्वारा आयोजित बधाई तथा शुभकामना कार्यक्रममा यस्तो आक्रोश सार्वजनिक भएको हो। कार्यक्रममा महोत्तरी क्षेत्र नम्बर-१ का प्रतिनिधिसभा सदस्य प्रमोद कुमार महतो, मधेस उद्योग वाणिज्य महासंघ तथा बर्दिबास उद्योग वाणिज्य संघका नवनिर्वाचित पदाधिकारीहरूलाई सम्मान गरिएको थियो। कार्यक्रममा सांसद महतोले सबैको सुझावका आधारमा काम गर्ने प्रतिबद्धता जनाए। मधेस उद्योग वाणिज्य महासंघका अध्यक्ष विजय कुमार साह ले सरकारका नीतिप्रति कडा टिप्पणी गर्दै निजी क्षेत्रमाथि दबाब बढाइएको आरोप लगाए। "उद्योगी-व्यापारीलाई हतोत्साहित गर्ने काम भइरहेको छ," उनले भने, "शेखर गोल्छा जस्ता व्यवसायीलाई पक्राउ गर्नुले गलत सन्देश गएको छ।" उनले सीमाबाट हुने चोरी-तस्करी नियन्त्रण गर्न, सिमापारिको मूल्यसँग प्रतिस्पर्धा गर्न कर दर घटाउन र साना भन्सार नाकाहरूको स्तरवृद्धि गर्नुपर्ने माग पनि राखे। साथै, जानकी मन्दिर लाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नुपर्ने प्रस्तावसमेत अघि सारे। जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी ले सिमा नाकामा १०० रुपैयाँभन्दा माथिको सामानमा लगाइएको कर नीतिले उपभोक्ता र व्यापारी दुवै मारमा परेको बताए। "सरकारले बिना आधार व्यापारी पक्राउ गर्ने र दुःख दिने काम गरिरहेको छ," उनले आरोप लगाए। बर्दिबास उद्योग वाणिज्य संघका महासचिव केदार गौतम ले मधेसलाई पर्यटनको केन्द्रका रूपमा विकास गर्न महासंघ सक्रिय रहेको बताए। कार्यक्रममा बर्दिबास नगर पत्रकार सञ्जालका अध्यक्ष गोपाल प्रसाद बराल ले पत्रकार माथि भइरहेको आक्रमण र चरित्र हत्या प्रयासप्रति चिन्ता व्यक्त गरे।

नेपाल होटल तथा पर्यटन व्यवसायी संघ, महोत्तरीका अध्यक्ष गुन्ज बहादुर कार्की ले मधेसको आर्थिक विकासका लागि गम्भीर बहस आवश्यक रहेको बताए। "व्यापार गर्न कहाँ-कहाँ अवरोध छ, यसको खोजी हुनुपर्छ। पर्यटकीय स्थलहरू ओझेलमा परेका छन्, मठ-मन्दिरहरू कब्जामा छन्," उनले भने। महासंघका वरिष्ठ उपाध्यक्ष विष्णु प्रसाद साह ले कर प्रणालीलाई वैज्ञानिक र व्यवहारिक बनाउन सरकारसँग माग गरे। बर्दिबास उद्योग वाणिज्य संघका अध्यक्ष दिपक बहादुर कार्की ले आर्थिक तथा सामाजिक रूपान्तरणका लागि ठोस नीति आवश्यक रहेको बताए। पर्यटन व्यवसायी महासंघ, मधेस प्रदेशका अध्यक्ष हिरालाल गौतम ले मधेसको आर्थिक विकासका लागि पर्यटकीय गन्तव्यहरूको विकास अपरिहार्य रहेको बताए। उनले मधेस चिनाउन "मधेस चिनारी" पुस्तक प्रकाशन गर्ने तयारीसमेत भइरहेको जानकारी दिए।

## आर्थिक अनुसन्धानका नाममा गिरफ्तारी बन्द गर्न जउवा संघको माग

जनकपुरधाम उद्योग वाणिज्य संघले पछिल्लो समय आर्थिक अनुसन्धानका नाममा देशका प्रतिष्ठित उद्योगी-व्यवसायीहरूलाई अनावश्यक रूपमा हिरासतमा राख्ने तथा मनोबल कमजोर बनाउने गतिविधि तत्काल बन्द गर्न माग गरेको छ । संघले हालै पूर्ण बहुमतसहित नयाँ सरकार गठनपछि मुलुकमा राजनीतिक स्थिरता कायम भई लगानीमैत्री वातावरण बन्ने विश्वास गरिएको अवस्थामा पछिल्ला केही दिनदेखि भएका गिरफ्तारी र अनुसन्धान प्रक्रियाप्रति आपत्ति जनाएको हो । संघद्वारा जारी प्रेस विज्ञप्तिमा यस्तो कार्यले निजी क्षेत्रमाथि दबाब सिर्जना गर्नुका साथै समग्र अर्थतन्त्रप्रतिको विश्वास कमजोर बनाउने उल्लेख

*बाँकी पृष्ठ ३ मा*

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz परिवर्तनकालागि

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

# बोर्डरल्याण्डको आफ्नै ‘इकोसिस्टम’ हुन्छ

रणधीर चौधरी

झण्डै एक हप्ता यतादेखि नेपाल भारत सीमाहरुमा सशस्त्र प्रहरीले माइकिंग गर्दै अब भारतबाट नेरु १०० भन्दा अधिकको सामान ल्याउँदा अनिवार्य भन्सार तिरेर मात्र ल्याउनु भनी सूचना जारी गरिरहेका छन् । राजस्व चुहावट नियन्त्रणका लागि भन्सार नाकामा कडाइ गरिएको छ । नेपालमा राजस्व चुहाबट हुने नहुने कुरा भन्सार प्रणाली हाँक्ने हाकिम र नियामक निकायहरुको नियतमा भरपर्ने गर्दछ ।

सामान्यता, प्रचलित कानून, नियम वा भन्सार प्रक्रियाको उल्लंघन गरी प्रतिबन्धित वा कर छली गरेर वस्तु, मुद्रा वा मानिसहरुलाई अवैधरुपमा एक स्थानबाट अर्को स्थानमा वा सिमाना पार गराउने गम्भीर अपराध हो जसले कुनै पनि राज्यको अर्थतन्त्रमा ठूलो क्षति पुर्याउनुको साथै समाजमा विभिन्न प्रकृतिको अपराधलाई समेत प्रोत्साहन गरिरहेको हुन्छ ।

नेपालमा तस्करीको जालो अन्तर्राष्ट्रिय बिमानस्थलदेखि उत्तर र दक्षिण नाकाहरुबाट हुँदै आएको तथ्यहरुबारे कोही पनि बेखर नहुने पर्ने हो । नेपाल भारतबीच केवल खुला सीमाको कारण नै राजस्व चुहाबट हुन्छ भन्नु अतिश्योक्तिपूर्ण लाग्छ । मधेशका जिल्लाहरुमा सरुवा भएर आउन प्रहरी प्रशासन र भन्सार कर्मचारीहरू पशुपतिनाथलाई भाकल मानेर आउने गर्छन् भनी ठठ्यौली भनाइ धेरैले सुनेको हुनुपर्दछ ।

पुराना दलहरुले सत्ता सम्हालिरहँदा मधेशका जिल्ला हेरीहेरी सरुवाको चिट्ठी दिनुभन्दा पहिला जिल्ला हाँक्न चाह्ने प्रहरी प्रशासनसँग सौगात बुझ्ने चलन थियो । अहिले केही दिनदेखि मधेश प्रदेशमा नेपाल प्रहरीका उच्च पदस्तदेखि तल्ला स्तरको कर्मचारीहरुको तस्करसँगको आर्थिक साँठगाँठको जालो कति भयावह रहेको छ भनी सार्वजनिक भएका अडियो क्लिपहरुले प्रस्ट पारेको छ ।

बेलाबखत तस्कर र सुरक्षा निकायहरुबीचको लेनदेनको हिसाबमा फरक पर्न जाँदा एकअर्कामाथि जानलेवा हमला गरेको घटनाहरु पनि राष्ट्रिय मिडियामा सार्वजनिक भइरहन्छ । लेख्नेले तस्कर र प्रहरीबीचको सम्बन्धमा आधारित प्रमाण सहितको निवन्धहरु लेखेका छन् ।

नेपालको दक्षिणी मैदानको बोर्डरल्याण्डमा नयाँ सरकारले गर्न खोजेको प्रयोग हेर्दा एउटा सामान्य प्रश्न उठाइ हाल्न उचित ठान्दछु । पुराना सरकारले नै ल्याएको नियम कानून भए तापनि १०० रुपैयाँ मूल्य बराबरको सामान ल्याउन चाहिँ किन छुट दिइएको होला ? मधेशको मैदानी फाँटमा नेपालको कूल जनसंख्याको आधा बसोबास गर्दछन् ।

भारतको २२ र नेपालको २६ जिल्लाहरु खुला नाका साझा गर्दछ । नयाँ भनिने सरकारले पनि १०० रुपैयाँ बराबरको सामानमा भन्सार छुट दिनैपर्ने त्यस्तो के बाध्यता होला र ? यद्यपि खुला सीमानाको कारण राजश्व छली हुँदैन भन्ने ध्येय यो लेखको छैन ।

अन्तर्राष्ट्रिय विमानस्थलबाट तस्करी, राजस्व छली हुने देशमा खुला सीमानाकाबाट राजश्व चुहाबट हुँदैन भन्नु झुठ बोल्नु हो । डा. बाबुराम भट्टराई अर्थमन्त्री रहेको बेला आर्थिक वर्ष २०६५/०६६ सालमा तत्कालीन सरकारले लक्ष्यभनदा बढी राजस्व उठाएर नयाँ रेकर्ड बनाएको थियो  तर सिमाञ्चलमा बसोबास गर्ने आम नागरिकमाथि कुनै केरकार गरिएको थिएन । भन्सारबाट राजश्व उठाउने लक्ष्य राख्ने सरकारको नियत र दक्षतामा भर पर्ने हो ।

नयाँ र अति शक्तिशाली भनिएको सरकारले चाहेर पनि कुनै किसिमको अव्यवहारिक नियम कार्यान्वयण किन गर्न सक्दैन ? वा भानौं, नेपाल-भारत सीमामा कुनै नियम थोपार्नुभन्दा पहिला सिमाञ्चलवासीको मनोविज्ञानलाई किन अनदेखा गर्नुहुँदैन भनी केही चर्चा गरौं । सीमा क्षेत्रहरु तीन प्राथमिक वर्गमा पर्दछन् । पहिलो, न्यूनतम (मिनिमल बोर्डरल्याण्ड) जहाँ जातीय वा साँस्कृतिक सम्बद्धता हुन्छ ।

दोस्रो, शून्य सीमा क्षेत्रहरु (जिरो बोर्डरल्याण्ड) जहाँ सीमाको विपरीत पक्षमा बस्ने मानिसबीचको चरम वैचारिक र धार्मिक विरोधको कारणले हुने घर्षणका क्षेत्रहरु हुन्छन् । तेस्रो, अधिकतम सीमा क्षेत्रहरु (मेक्सिमल बोर्डरल्याण्ड) जहाँ भाषिक, साँस्कृतिक, पुर्खा वा अन्य आत्मीयता साझा गर्ने मानिसहरु बस्छन् ।

नेपाल भारतबीचको सीमा अधिकतम सीमा क्षेत्रमा पर्दछ जुन ‘सभ्यता र मित्रता’को लोकाचारमा आधारित रहँदै आएको सास्वत इतिहास छ । १८१६ को सुगौली सन्धिपश्चात् भौगोलिक सिमाङ्कन भए पनि यस क्षेत्रको सामाजिक, साँस्कृतिक परिदृष्यको विभाजन कसैले चाहेर पनि गर्न नसक्ने प्रकृतिको छ । प्रत्येक वर्ष हजारौं नेपाली तीर्थयात्रीहरु भारतको ऋषिकेश, अयोध्या, वाराणसि, गाया, प्रयाग, हरिद्वारजस्ता प्राचिन शहरहरुको भ्रमण गर्छन । केहीवर्ष पहिला मात्र लाखौं नेपालीहरु कुम्भ स्नान गर्न गएका थिए ।

प्रत्येक दिन सैयौं नेपालीहरु गंगामा आफ्नतको अस्तु विसर्जन गरेर फर्कने गर्छन् । तिर्थयात्राबाट फर्कदा सय रुपैयाँभन्दा अधिकको प्रसाद र आवश्यक वस्तु खरिद गरेर ल्याउने गरेका हुन्छन् । दुई देशबीच वैवाहिक आदान प्रदानको अकाट्य परम्परा छ । त्यतिमात्रै होइन, भारत अहिले पनि नेपालबाट श्रम गर्न जानेहरुका लागि सहज र पायक गन्तव्य हो । गरिव परिवारका नेपाली युवाहरु अहिले पनि भारतका ठूला शहरहरुमा स्याना व्यापार व्यवसाय गरिरहेका छन् । होटलमा काम गर्छन् विभिन्न निजी र सरकारी कम्पनीहरुमा जागिर गर्छन् ।

उपलब्ध तथ्यांकहरु हेर्दा लगभग ३५ देखि ६० लाख नेपालीहरु भारतमा मात्र काम गर्ने गरेका छन् । के उनीहरुले सय रुपैयाँ भन्दा बढिको सामान आफ्नो घर पठाउँदा काठमाडौंलाई राजस्व बुझाउनुपर्ने हुन्छ । यी तथ्यहरुमाथि बहस हुनु आवश्यक छ ।

‘नेपालमा क्षेत्रीयता र राष्ट्रिय एकता’ पुस्तकका लेखक एवम् अध्येता फ्रेडरिक एच.गेज लेख्नुहुन्छ, तराईमा धान बाहेक सनपाट, सुर्ती, तेलहन, उखु, जडिबुटी, मसला, काठ, छाला र अन्य धेरै कृषि उपजहरु ससाना परिमाणमा उत्पादन हुने गर्थे । यी सबै वस्तुहरुको बेचबिखनका लागि व्यापारिक सञ्जाल बसिसकेको थियो । तराईका गाउँका यस्ता सामान तराईका सहरबजार हुँदै भारतका प्रमुख सहरहरुमा पुग्ने गर्थे ।

केही व्यपारीहरुले एउटाभन्दा बढी सामानको कारोबार गर्थे । तराई खाद्यान्न बचत हुने ठाउँ भए पनि यहाँका धेरैजसो किसानहरू निर्वाहमुखी अर्थतन्त्रमा बाँचेका थिए । तराईमा उत्पादित वस्तुहरुको व्यापारले तराई र भारतबीचको आर्थिक सम्बन्धलाई सुदृढ बनाएको थियो जसको सञ्जाल भारतका सहरी केन्द्रहरुबाट नेपाल भारत सीमाका बजार हुँदै तराईका गाउँसम्म फैलिएको थियो ।

नेपालका प्रख्यात अर्थशास्त्री बद्रीप्रसाद श्रेष्ठका अनुसार नेपालको ८८ प्रतिशत औद्योगिक लगानी तराईमा भएको थियो र नेपालको भन्डै शतप्रतिशत श्रम शक्ति तराई मै थियो । सन् १९६७ मा नेपालमा खुलेका २८ वटा सार्वजनिक कम्पनीमध्ये १७ वटा तराईमा थिए । नेपालमा खुलेको साना उद्योगहरुको ७२ प्रतिशत उद्योगहरु तराई मै थिए । आजको अवस्था यो छ कि, खाडी मुलुकमा मजदुरी गर्न जानेहरुको ठूलो संख्या मधेशबासी कै छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको नेपालमा प्रत्यक्ष वैदेशिक लगानी सम्बन्धी सर्वेक्षण प्रतिवेदन (२०२२-०२३) अनुसार, नेपालका सात प्रदेशहरुमध्ये बागमती प्रदेशले एफडीआईको सबैभन्दा अधिक (५९.७ प्रतिशत) हिस्सा प्राप्त गरेको छ । त्यसपछि गण्डकी १५ प्रतिशत र मधेश प्रदेशले ८.८ प्रतिशत । कूल २९५.५ अर्बको १ प्रतिशतभन्दा पनि कमको हिस्सा लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशले प्राप्त गरेको छ ।

सर्वसाधारणबाट सरकारको अव्यवहारिक नीतिको बिरोध गर्न थालेपछि राष्ट्रिय स्वतन्त्र पार्टीका केही सांसद र पदाधीकारीहरुको अभिव्यक्ति आउन थाल्यो-होइन, आम गरिब जनताका लागि कुनै किसिमको रुकावट हुनेछैन । जबकि मधेशका कैयन जिल्लाहरुबाट सशस्त्र प्रहरीले घरायसी प्रयोजनका लागि ल्याउने सामान यसरी खोसिरहेका छन्, मानौं कुनै नामुद अपराधी समातिएको होस् । विडम्बना कस्तो भने, शुक्रबार (वैशाख ११) को दिन मधेश प्रदेशको सर्लाहीबाट भारततिर तस्करी गरी पठाइएको चिनियाँ लसुन र काँक्रो बीउ भारतीय प्रहरी नियन्त्रणमा लिएको समाचार आउँछ ।

सोही दिन पर्सा जिल्लाका विभिन्न स्थानबाट २२ थान इलेक्ट्रिक स्कुटर नियन्त्रणमा लिएको समाचार पनि आयो । यी दुई समाचार ले फेरि केही प्रश्न उब्जाउँछ । बन्दुक लिएर सीमामा चौकिदार बसिरहँदा सर्लाहीबाट लसुन र बीउको तस्करी कसरी सम्भव भएको होला ? भारतबाट राजश्व २२ थान छलेर इलेक्ट्रिक इलेक्ट्रिक स्कुटर कसरी भित्रिए होलान् ? मधेश प्रदेशका ८ जिल्लाहरुमा सशस्त्र प्रहरी बलको बोर्डर आउट पोस्ट (बीओपी) को संख्या बढ्ने क्रम निरन्तर जारी छ । जसरी सबै सुरक्षाकर्मी र प्रशासक भ्रष्ट हुनसक्दैन, त्यसरी नै- सबै आम नागरिक तस्कर हुँदैन ।

काठमाडौंबाट सिमाञ्चलमा हलचल मच्चाउने सोच राखेको सर कारले यदि दुई तिहाइको अपार बहुमतका आधारमा त्यहाँको सामाजिक-आर्थिक ‘इकोसिस्टम’ माथि अव्यावहारिक नियन्त्रण गर्न सकिन्छ भन्ने ठानेको छ भने त्यो गम्भीर भूल हुनेछ। ‘सुपर -सम्भ्रान्त सरकार’ ले नेपाल-भारतबीच परम्परादेखि कायम खुला सीमाको जीवन्ततालाई कमजोर पार्ने प्रयास नगर्नु नै उपयुक्त हुनेछ।

सीमामा हुने अपराध र तस्करी नियन्त्रणमा सरकार कति सक्षम हुन्छ भन्ने मूल्यांकन समयले अवश्य गर्नेछ। तर, सिमाञ्चलका बासिन्दाले यदि यस सम्भ्रान्त सरकारबाट दिइने कुनै पनि प्रकार को पीडा असह्य भएको महसुस गरे भने, उनीहरू आफैं विद्रोहमा उत्रिन सक्छन्। किनभने सीमावर्ती भूभागको आफ्नै ‘इकोसिस्टम’ हुन्छ, जसले आफ्नै ढंगले प्रतिक्रिया जनाउँछ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# धार्मिक उल्लासले भरियो जनकपुरधाम, जानकी जन्मोत्सव भव्य रूपमा मनाइयो

खबर दर्पण समाचारदाता

**वैशाख १२ गते, जनकपुरधाम**

मिथिलाको सांस्कृतिक र धार्मिक धरोहरका रूपमा स्थापित जानकी जन्मोत्सव यस वर्ष पनि जनकपुरधाममा भव्यता र उत्साहका साथ मनाइएको छ। वैशाख शुक्ल नवमीका दिन मनाइने जानकी नवमीका अवसरमा आइतबार बिहानैदेखि जनकपुरधामका विभिन्न मठमन्दिरमा श्रद्धालु भक्तजनहरूको ठूलो भीड देखिएको थियो।

धार्मिक मान्यताअनुसार यही दिन माता सीताको मिथिलामा जन्म भएको विश्वास गरिन्छ। सोही विश्वासका आधारमा प्रत्येक वर्ष झैँ यसपटक पनि जानकी जन्मोत्सवलाई विशेष तयारीसहित मनाइएको हो।

बिहानैदेखि भक्तजनहरू पवित्र दुधमती नदीमा शाही स्नान गरी जनकपुरधामस्थित जानकी मन्दिर, राम मन्दिर, लक्ष्मण मन्दिरलगायतका धार्मिक स्थलमा पुगेर पूजा अर्चनामा सहभागी भएका थिए।

यस वर्ष जानकी मन्दिरलाई नववधु झैँ आकर्षक रूपमा सिँगारिएको थियो। रंगीचंगी बत्ती, फूलमाला र परम्परागत सजावटले मन्दिर परिसर झन् आकर्षक देखिएको थियो।

नेपालका विभिन्न जिल्ला मात्र नभई छिमेकी देश भारत तथा अन्य मुलुकबाट समेत हजारौँ श्रद्धालु भक्तजन र पर्यटक जनकपुरधाम पुगेका थिए।

जन्मोत्सवका अवसरमा दिनभर विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरू आयोजना गरिएका थिए। साँझ जानकी मन्दिर परिसरमा विशेष जानकी आरती गरिएको थियो भने जानकी सेनाले सवा लाख दीप प्रज्जवलन गरेको थियो।

जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवका अनुसार जानकी जन्मोत्सव धार्मिक पर्व मात्र नभई मिथिलाको पहिचान, इतिहास र संस्कृतिसँग जोडिएको महत्वपूर्ण अवसर हो।

उनका अनुसार जननी जानकीको जन्मभूमि जनकपुर धामको महत्व राम जन्मभूमि अयोध्याजत्तिकै पवित्र छ।

उनी भन्छन्, 'जानकी नवमीलाई धार्मिक अनुष्ठानका रूपमा मात्र सीमित नराखी यसलाई राष्ट्रिय पर्वको मान्यता दिनुपर्ने आवश्यकता बढ्दो रूपमा महसुस भइरहेको छ। यसले नेपालको सांस्कृतिक पहिचानलाई अन्तर्राष्ट्रिय स्तर मा स्थापित गर्न मद्दत पुग्ने छ।'

स्थानीय व्यवसायी तथा पर्यटन व्यवसायीहरूका अनुसार यस्ता धार्मिक पर्वहरूले जनकपुर धामको पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुर्‍याउने गरेका छन्।

होटल, यातायात, हस्तकला र स्थानीय व्यापारमा समेत उत्सवको सकारात्मक प्रभाव देखिएको उनीहरू बताउँछन्। जानकी जन्मोत्सवले मिथिला क्षेत्रको धार्मिक आस्था मात्र नभई नेपाल-भारतबीचको सांस्कृतिक सम्बन्धलाई समेत अझ मजबुत बनाउने काम



गरेको सरोकारवालाहरूको भनाइ छ।

उनीहरूका अनुसार यस्ता पर्वलाई व्यवस्थित र योजनाबद्ध रूपमा प्रवर्द्धन गर्न सके जनकपुरधामलाई धार्मिक पर्यटनको प्रमुख गन्तव्यका रूपमा विकास गर्न सकिने सम्भावना उच्च रहेको छ।

# आर्थिक अनुसन्धानका नाममा....

गरिएको छ।


कुनै पनि आरोप वा शंकाको विषयमा निष्पक्ष छानबिन, प्रमाण संकलन र कानुनी सुनुवाइजस्ता विधिसम्मत प्रक्रिया अवलम्बन गर्नुपर्नेमा जोड दिइएको छ।

'कानून सबैका लागि समान हुनुपर्छ। तर, प्रक्रियागत निष्पक्षता र पारदर्शिता अनिवार्य छ,' विज्ञप्तिमा भनिएको छ, 'दोष प्रमाणित हुनुअघि नै उद्योगी-व्यवसायीलाई पक्राउ गर्ने वा हिरासतमा राख्ने प्रवृत्तिले लगानीको वातावरण थप कमजोर बनाउँछ।'

संघले अहिले मुलुक आर्थिक सुस्तता, घट्दो उत्पादन, बेरोजगारी वृद्धि, लगानी अभाव र युवाशक्ति पलायनजस्ता चुनौतीसँग जुधिरहेको उल्लेख गर्दै यस्तो संवेदनशील अवस्थामा निजी क्षेत्रलाई साथ र सहकार्यमा अघि बढाउनुपर्ने आवश्यकता औंल्याएको छ।

त्यस्तै, शंकाकै भरमा थुन्ने र पछि सुनुवाइ गर्ने प्रवृत्ति अन्त्य नगरे सरकारको ७ प्रतिशत आर्थिक वृद्धि लक्ष्य हासिल गर्न कठिन हुने चेतावनी पनि संघले दिएको छ।

संघले प्रतिष्ठित उद्योगी-व्यवसायीहरूको अविलम्ब रिहाइको माग गर्दै कानुनी राज्यको मर्मअनुसार निष्पक्ष र पारदर्शी प्रक्रिया अपनाउन सरकारसँग आग्रह गरेको छ।









# सवारी दुर्घटनामा एक युवकको मृत्यु , एक महिला गम्भीर घाइते

**खबर दर्पण समाचारदाता**

**वैशाख १२ गते, बर्दिवास**

धनुषामा भएको सवारी दुर्घटनामा एक युवकको मृत्यु भएको छ भने एक जना महिला गम्भीर घाइते भएकी छन् ।

जिल्लाको गणेशमान चारनाथ नगरपालिका-४ स्थित पूर्वपश्चिम लोकमार्गमा शनिबार दिउँसो बस र मोटरसाइकल एकआपसमा ठोक्किँदा महोत्तरी पिपरा गाउँपालिका-७ का २१ वर्षीय अतुल चौधरीको ज्यान गएको हो ।

प्रहरीका अनुसार चितवनबाट गाईघाटतर्फ जाँदै गरेको प्रदेश २-०३-००१ ख १०११ नम्बरको बसले विपरीत दिशाबाट आउँदै गरेको मधेश प्रदेश ०२-०१० प १२३७ नम्बरको मोटर साइकललाई ठक्कर दिएको थियो ।

दुर्घटनामा गम्भीर घाइते भएका चौधरीलाई उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम लगिए पनि चिकित्सकले मृत घोषणा गरेका थिए ।

उक्त मोटरसाइकलमा पछाडि सवार महोत्तरी जलेश्वर नगर पालिका-१ की २३ वर्षीया र ाघनी कुमारी महत्तो गम्भीर घाइते भएकी छन् ।

उनको जनकपुरधामस्थित एक निजी न्युरो अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ।

दुर्घटनामा संलग्न बस र चालक बारा जितपुर सिमरा उपमहानगरपालिका-१४ का ३७ वर्षीय युवराज राईलाई नियन्त्रणमा लिइ अनुसन्धान प्रक्रिया अगाडि बढाइएको इलाका प्रहरी कार्यालय ढल्केबर ले जनाएको छ ।

# पत्रकार साहमाथि दुर्व्यवहार र ज्यान मार्ने धम्की: दोषीमाथि कडा कारबाहीको माग

**खबर दर्पण समाचारदाता**

**वैशाख १२ गते, बर्दिवास**

महोत्तरीको बर्दिबासमा मधेस प्रदेशका पत्रकार अजयकुमार साह माथि भएको दुर्व्यवहार र ज्यान मार्ने धम्कीको घटनाले सञ्चार क्षेत्र तरंगित बनेको छ।

यस घटनाको नेपाल पत्रकार महासंघ लगायत विभिन्न संचार सम्बद्ध सैघसंस्थाहरुले छुट्टाछुट्टै विज्ञप्ती जारी गरी घटना निन्दा र भत्सर्ना गर्दै दोषीलाई अबिलम्ब कार्वाहीको माग गरेको छ।

नेपाल पत्रकार महासंघका मधेस प्रदेश समिति, महोत्तरी र धनुषा शाखाले छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गर्दै घटनाको कडा शब्दमा निन्दा गरेका छन् र दोषीमाथि तत्काल कानुनी कारबाही गर्न माग गरेका छन्।

त्यसैगरी बर्दिवास नगरपत्रकार संजाल र मिथिला नगरपत्रकार संजाल लगायतका विभिन्न संघसंस्थाले विज्ञप्ती जारी गर्दे घटना निन्दा र भत्सर्ना गर्दै दोषीलाई अबिलम्ब कार्वाहीको माग गरेको छ।

विज्ञप्तिअनुसार, बर्दिबास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाका कोषाध्यक्ष भोजप्रसाद फुयाल (शंकर) ले समाचार सम्प्रेषणकै विषयलाई लिएर पत्रकारमाथि सार्वजनिक स्थानमै गालीगलौज, दुर्व्यवहार गर्नुका साथै ज्यान मार्ने धम्की दिएका थिए।

साहले लेखेको रातोपाटी डटकममा वैशाख १० गते प्रकाशित “बर्दिबास खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको विवाद छताछुल्ल“ शिर्षक समाचारको सन्दर्भमा उसको अनुकुलको समाचार नआएको भनेर कोषाध्यक्ष फुयालले गालीगलौज, दुर्व्यवहार गर्नुका साथै ज्यान मार्ने नै धम्की दिएको हो ।

नेपाल पत्रकार महासंघ महोत्तरी शाखाले घटनालाई गम्भीर रूपमा लिँदै यस्ता गतिविधिले प्रेस स्वतन्त्रतामाथि ठाडो प्रहार गरेको जनाएको छ।

“समाचारप्रति असहमति भए कानुनी बाटो अवलम्बन गर्न सकिने भए पनि पत्रकारमाथि आक्रमण गर्नु अस्वीकार्य छ,” विज्ञप्तिमा उल्लेख छ।

त्यसैगरी, धनुषा शाखाले पनि प्रेस स्वतन्त्रता लोकतन्त्रको आधार स्तम्भ भएको उल्लेख गर्दै पत्रकारमाथि भएको धम्की, डरत्रास र दुर्व्यवहारलाई अत्यन्त निन्दनीय र असह्य कार्य भनेको छ। महासंघले यस्ता घटनाले न केवल पत्रकारको व्यक्तिगत सुर क्षामाथि प्रश्न उठाउने, तर समग्र अभिव्यक्ति स्वतन्त्रता र लोकतान्त्रिक मूल्यमा समेत आघात पुऱ्याउने चेतावनी दिएको छ।

महासंघले घटनामा संलग्न व्यक्तिलाई तत्काल कानुनी दायर ामा ल्याई कडा कारबाही गर्न, पीडित पत्रकारको सुरक्षा सुनिश्चित गर्न र भविष्यमा यस्ता घटना दोहोरिन नदिन प्रभावकारी संयन्त्र निर्माण गर्न सम्बन्धित निकायसँग जोडदार माग गरेको छ।

यस घटनाले फेरि एकपटक देशमा पत्रकारहरूको सुरक्षा र प्रेस स्वतन्त्रताको अवस्थामाथि गम्भीर प्रश्न खडा गरेको छ।


**व्यक्तिगत घटना दर्ता सप्ताह**

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।

**मटिहानी नगरपालिका, महोत्तरी**



**योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।**

**योगका फाइदाहरू**

- शारीरिक स्वास्थ्य सुधार: शरीर लचिलो र बलियो बनाउँछ
- मानसिक शान्ति: तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
- रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
- निद्रा सुधार गर्छ
- ध्यान केन्द्रित गर्न सहयोग गर्छ

**ध्यान दिनुपर्ने कुराहरू**

- खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
- शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
- दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
- नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
- सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
- यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**

धनुषा , जनकपुरधाम

मधेश प्रदेश



**व्यक्तिगत घटना दर्ता सप्ताह**

**२०८३ साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।



**औरही नगरपालिका, महोत्तरी**



**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**

मेनरोड बर्दिवास, महोत्तरी

044-550255



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,